# आवेदन फाराम

श्रीमान सभापतिज्यू
नवौं हस्तकला व्यापार मेला समिति                                        मिति २०६८।६।
नेपाल हस्तकला महासंघ
थापाथली हाईट, काठमाडौं ।

विषय : नवौं हस्तकला व्यापार मेलामा सहभागी हुने बारे ।

महोदय,

त्यस महासंघको आयोजना एवं नेपाल सरकारको सहयोगमा यही २०६८ मंसिर ८ गते देखि १२ गते (Nov. 24- 28, 2010) सम्म संचालन हुने नवौं हस्तकला व्यापार मेलामा त्यस महासंघले तय गरेको नियमहरुको अधिनमा रही सहभागी हुन ईच्छुक भएकोले आवश्यक स्टल भांडाको पुरा रकम र मुख्य सहभागि हूने ब्यक्तिको तस्बीर संलग्न गरी यो निवेदन पेश गरेको छु ।

१. कम्पनी/फर्म/व्यक्तिको पुरा नाम : ........................................................................

२. ठेगाना :........................................................................................................

३. फोन नं. :..............................................  मो.नं.:.............................. ................

४. फ्याक्स नं.......................................   ५. ईमेल:................................................

६. महासंघको सदस्य भए सदस्यता नं.................

७. वेभ साइट: ..........................................८. आवश्यक स्टल नं. : ३मि x ३मि को .......

८. कम्पनी/फर्म/व्यक्तिबाट मेलामा प्रतिनिधित्व गर्ने व्यक्तिहरुको नाम, थर:
क. ..................................................................................................

ख. ..................................................................................................
१०. स्टलमा फेसिया लेख्न अंग्रेजीमा नाम (अधिकतम २७ वटा अक्षरमा) (CAPITAL LETTER)

........................................................................................................

११. मेलामा प्रदर्शनी गर्ने वस्तु :
**( प्रदर्शनी गरीने सामान अनुसार प्रदर्शनीको लागि छुटयाइको समूह (Pavillion) मा राखिने छ )**

१२. कम्पनीको छाप :                         निवेदक :

दस्तखत :

नाम, थर :
पद :

# आठौं हस्तकला व्यापार मेलाका सहभागीहरुले पालन गर्नुपर्ने नियमहरु

१. २०६८ साल मंसिर ७ गते बुधवार विहान ६.०० देखि साँझ ७.०० बजेसम्ममा हलमा स्टल सजावट गर्नु पर्नेछ ।

२. मेलामा प्रदर्शन गर्ने वस्तुहरु नेपाली हस्तकलाका वस्तु हुनुपर्दछ ।

३. मेलामा आफ्नो सीमित क्षेत्र भन्दा वाहिर अरु स्टललाई बाधा पर्ने गरी सामान सजावट गर्न पाईने छैन ।

४. व्यापार मेला आयोजकले प्रत्येक स्टलमा १ वटा टेबुल, २ वटा मेच, १ थान पावर प्लग (१०० वाट सम्म प्रयोग गर्न सकिने) कम्पनीको नाम(फेसिया) उपलब्ध गराउनेछ । उल्लेखित सामान थप चाहिएमा आयोजकले अतिरिक्त शूल्क लिई उपलब्ध गराउन सकिनेछ । सो वाहेक अन्य सामानको हकमा सहभागी स्वयम्ले व्यवस्था गर्नूपर्नेछ ।

५. साधारणतया एक स्टलमा कुनै पनि कम्पनी/फर्म/व्यक्तिहरुको २ जना प्रतिनिधिहरुको अनिवार्य उपस्थिति हूनूपर्नेछ । प्रत्येक स्टललाई बढीमा ३ वटा सम्म सहभागी परिचय पत्र उपलब्ध गराईनेछ ।

६. व्यापार मेला हलभित्र धुम्रपान पूर्ण रुपमा निषेध गरिएको छ ।

७. अवलोकनकर्ताहरुलाई विहान १० बजे देखि बेलुका ६ बजेसम्म मेलामा प्रवेश गराईने भएकोले आयोजकले तोकिएको समय अनूसार स्टल खोल्ने तथा बन्द गर्नू पर्नेछ ।

८. व्यापार मेला अवधिभर मेलाका सहभागीले कुनै हानी नोक्सानी गरेमा स्वयम्ले क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

९. आवेदन फाराममा तोकिएको कम्पनी/फर्म/व्यक्ति स्वयम् नै मेलामा सहभागी हुनु पर्नेछ ।

१०. मेला अवधि भरी प्रत्येक दिन विहान ९.३० बजेभित्र स्टल खोल्ने तथा बेलुका ७.०० बजेभित्र स्टल बन्द गर्ने व्यवस्थाको लागि मेलाका सहभागी अनिवार्य रुपमा उपस्थित हुनु पर्नेछ ।

११. मेलाका सहभागीहरुले मेला अवधिभरी आयोजकले उपलव्ध गराएको परिचय-पत्र देख्ने किसिमले लगाई रहनू पर्नेछ ।

१२. स्टलभित्र सफाई व्यवस्था सहभागी आफैले मिलाउनु पर्नेछ र स्टल भित्र रहेको फोहर स्टल बन्द गर्ने समयमा स्टल बाहिर राखेर जानू पर्नेछ ।

१३. २०६८ साल मंसिर १२ गते सोमवार साँझ ४ बजेदेखि राती ९ बजेभित्र मेलामा ल्याईएका सबै सामान मेला स्थलबाट फिर्ता लगि सक्नु पर्नेछ ।

१४. आफ्नो सामानको सुरक्षा आफैले गर्नु पर्नेछ । स्टलभित्र गैऱ्ह कानूनी तथा प्रज्वलनशील पदार्थहरु भण्डारण (Storage) गर्न निषेध गरिएको छ ।

१५. प्रदर्शनीमा सामानको साधारण सुरक्षा व्यवस्था आयोजकले गर्नेछ । मेला संचालन भएको अवधिमा स्टलमा रहेको सामानको सुरक्षा सहभागी स्वयम्ले गर्नूपर्नेछ । सहभागीहरुको हेलचक्रयाँई वा लापरवाहीको कारणले सामानहरुको हानी नोक्सानी तथा चोरी भएमा आयोजक जवाफदेही हूने छैन । त्यसवाहेक मेला बन्द भएको समयमा सामान हराएको अवस्थामा स्टल खोलेको ३० मिनेटभित्र आयोजकलाई जानकारी गराईएमा सो बारे सोधखोज गर्न आयोजकले सहयोग गर्नेछ ।

१६. आफ्नो काबूभन्दा बाहिरको कारण प्राकृतिक प्रकोप, आगजनी आदिबाट हुन जाने हानी नोक्सानी वापतको क्षतिपुर्तिको लागि सहभागी स्वयम्ले बीमाको व्यवस्था गर्नूपर्दछ । त्यस स्टलको कारणले अर्को स्टलमा हुन जाने हानी नोक्सानी वापतको क्षतिपूर्तिको लागि समेत स्वेच्छाले बीमा गराई राख्नू पर्नेछ ।

१७. स्टलमा सामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा पनि छोडेर जान सकिन्छ तर कसैले स्टल छोपेर जान चाहेको खण्डमा सोको लागि आवश्यक कपडाको व्यवस्था स्टलवाला स्वयम्ले गर्नूपर्नेछ ।

१८ स्टलको आन्तरिक सजावटको जिम्मेवारी सहभागी स्वयम्को हूनेछ । उत्कृष्ट प्याभिलियनलाई प्रमाण पत्र तथा पूरस्कारको व्यवस्था गरिएको छ ।

१९. माथि उल्लेखित नियमहरु बाहेक अन्य नियमहरुको हकमा आयोजकको निर्णयानूसार हूनेछ ।

धन्यवाद !